# माधव नारायण नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३४ मिति : २०७५/०९/१८

## भाग-२

## माधव नारायण नगरपालिका

# माधव नारायण नगरपालिका व्यवसाय दर्ता कार्यविधि, २०७५

**१. संक्षिप्त नाम र प्रारम्भः** क. यस कार्यविधिको नाम “माधव नारायण नगरपालिका व्यवसाय दर्ता कार्यविधि” रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “व्यवसाय” भान्नाले माधव नारायण नगरपालिका भित्र संचालन हुने वस्तु तथा सेवा प्रदान गरी नगद आय आर्जन गर्न सक्ने सबै किसिमका पेशा, व्यवसाय वा कारोबारलाई सम्झनु पर्दछ ।

ख “दर्ता” भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन भएका पेशा, व्यवसाय वा कारोबारलाई नगरपालिकाले अभिलेखिकरण गरी पेशा संचालन अनुमति दिने कार्यलाइ बुझ्नु पर्दछ ।

ग) “नविकरण” भन्नाले व्यवसाय दर्ता गरिसकेपछि हरेक आ.व. को सुरुमा नगरपालिकाले निश्चित शुल्क लिइ अनुमति पुनः १ वर्षको लागि दिइने अनुमतिलाई बुझ्नु पर्दछ ।

घ) “आर्थिक ऐन” भन्नाले चालु आर्थिक वर्षको लागि माधव नारायण नगरपालिकाको नगर सभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ ।

ङ) “नगरपालिका” भन्नाले माधव नारायण नगरपालिकालाई सम्झनु पर्दछ ।

**३. दर्ता नगरी व्यवसाय गर्न नहुनेः** नगरपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय दर्ता नगरी संचालन गर्न पाइने छैन ।

**४. व्यवसाय दर्ताः** क) व्यवसाय दर्ताको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुलाई व्यवसायको वर्गिकरण गरी दर्ता गर्नेछ र प्रमुख प्रशासकिय अधिकृतले अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) व्यवसायको बर्गिकरण नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

ग) व्यवसाय दर्ताको लागि तपशिल बमोजिमको कागजपत्र आवश्यक पर्नेछ ।

१. अनुसुचि २ बमोजिमको निबेदन

२. व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपी, विदेशीको हकमा पासपोर्ट, भिसा (आवश्यक भएमा) र नेपाल सरकारले व्यवसाय संचालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि,

३. २ प्रति फोटो

४. मु.अ. कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

५. घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा सम्झौतापत्र तथा जग्गाको लालपुर्जाको छाँयाप्रति

घ) सामुहिक व्यवसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन

ङ) व्यवशाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

**५. व्यवसाय नविकरण तथा दण्ड जरिवाना** : क) नगरपालिकाले हरेक आर्थिक वर्षमा दर्ता भएका व्यवसायलाई प्रमुख प्रशासकिय अधिकृतले नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसुचि ३ बमोजिमको ढाँचामा व्यवसायीले निवेदन नगरपालिकाको कार्यालयमा दिनुपर्नेछ र व्यवसाय नविकरण आर्थिक वर्षको पहिलो ३ महिना भित्र गराई सक्नु पर्नेछ ।

ग) व्यवसाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीए बमोजिम हुनेछ ।

घ) तोकिएको समय भित्र व्यवसाय नविकरण नगर्ने व्यवसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिई नविकरण गरिनेछ ।

**६. व्यवसाय बन्द गर्ने:** क) नगरपालिका भित्र दर्ता भएको व्यवसाय बन्द भएमा वा बन्द गर्नु परेमा सम्बन्धित व्यवयसायीले अनुसुचि ४ बमोजिम निवेदन नगरपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपसिलको अनुगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

| | |
|---|---|
| अ) नगर प्रमुख | संयोजक |
| आ) नगर प्रमुखले तोकेको २ जना कार्यपालिका सदस्य | सदस्य |
| इ) उद्योग शाखाका प्रमुख | सदस्य सचिव |

ग) समितिबाट सिफारिस प्राप्त भएपछि प्रमुख प्रशासकिय अधिकृतले सिफारिशको आधारमा व्यवसाय दर्ता खारेज गर्नेछ ।

**७. सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्ने:** क) यस कार्यविधि बमोजिम नगरपालिका भित्र दर्ता भएका व्यवसायीहरु नेपाल सरकारले तोकेको अन्य निकायमा समेत दर्ता हुनुपर्नेछ ।

ख) यस कार्यविधि बमोजिम नगरपालिकामा दर्ता भएका व्यवसाय संघीय कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुनेछैन ।

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**